नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय कक्षा १०,
सानोठिमी, भक्तपुर

**माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०७९ को पुनर्योगमा चित्त नबुझेमा उत्तरपुस्तिका हेर्न निवेदन दिने सम्बन्धी सूचना**

२०७९ सालको माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा सम्मिलित भएका परीक्षार्थीहरु मध्ये पुनर्योग गराउन निवेदन दिएका परीक्षार्थीहरुले पुनर्योगको लागि निवेदन दिएको विषयको नतिजा उपर चित्त नबुझेमा उत्तरपुस्तिका पुनः परीक्षण निर्देशिका, २०७५ बमोजिम उत्तरपुस्तिका हेर्नका लागि सम्बन्धित परीक्षार्थीले पुनर्योगको अन्तिम नतिजा प्रकाशन भएको मिति २०८०/०४/२० को भोलिपल्ट देखि लागु हुने गरी १५ दिन भित्र निम्न प्रक्रिया पुरा गरेर यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. पुनर्योगका लागि निवेदन दिएका विषयहरु मध्ये नतिजामा चित्त नबुझेका विषयहरुमा प्रति विषय रु. २०००। (दुई हजार मात्र) का दरले राजश्व खाता नं १४२२३ मा जम्मा गर्नुपर्नेछ ।

२. उत्तरपुस्तिका हेर्न पाऊँ भन्ने निवेदनको ढाँचामा उल्लेख गरिएका कागजातहरू सहित निवेदन दिएका परीक्षार्थीहरुले तोकिएको ढाँचामा कवुलियतनामा गरे पश्चात उत्तरपुस्तिका पुनः परीक्षण निर्देशिका, २०७५ को दफा ३ (३) बमोजिम विषयगत विज्ञ र अभिभावक समेतको उपस्थितिमा उत्तरपुस्तिका हेर्ने व्यवस्था मिलाइनेछ।

नोटः- उत्तरपुस्तिका हेर्न पाऊँ भन्ने बारेको निवेदनको ढाँचा www.see.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

नियन्त्रक